**Shanti Journal**
ISSN 2961-1601 (Print) ISSN 2961-161X (Online)
Published by Bishwa Shanti Chiran-Milan Campus
*(A Multidisciplinary Peer Reviewed Journal)*

# *चीरहरण* उपन्यासमा नारीवादी चेतना

- अम्बिका अर्याल, पिएचडी
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email:ambiaryal@gmail.com

**Article History: Received:** 17 May 2022; **Revised:** 02 June 2022; **Accepted:** 11 June 2022

**सार**

*प्रस्तुत अध्ययनमा अस्तित्ववादी नारीवादी सिमोन द बुभोले अघि सारेको नारीवादी विचारलाई आधार बनाएर नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा प्रस्तुत नारीवादी चेतनाको निरूपण गरिएको छ । नारीलाई दोस्रो दर्जाका नागरिकमा रूपमा हेर्ने परिपाटीको विरूद्धमा नारी तथा पुरूषपात्रमा जागृत चेतनालाई प्रस्तुत गरिएको यस उपन्यासको नारीवादी विश्लेषणका लागि नारीअस्तित्वप्रतिको चेतना तथा नारीविभेदको विरोधप्रतिको चेतनालाई विश्लेषणका मूल आधार मानिएको छ । नारीअस्तित्वप्रतिको चेतनाभित्र नारीको पहिचान एवम् स्वतन्त्र अस्तित्वप्रतिको चेतना, नारीको वैयक्तिक अधिकारप्रतिको चेतना, पितृसत्तात्मक दमन तथा महिला हिंसाप्रतिको विरोधसम्बन्धी चेतनाका साथै राजनीति र शक्तिसंरचनामा नारीको समान सहभागिताप्रतिको चेतनालाई र नारीविभेदको विरोधप्रतिको चेतनाभित्र लैङ्गिक विभेद एवम् समानताप्रतिको चेतना, जातीय एवम् वर्गीय विभेदप्रतिको चेतनाका साथै धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतनालाई उपन्यास विश्लेषणका ढाँचा मानिएको छ । विवेच्य उपन्यासका सापेक्षमा निर्धारण गरिएका नारीवादी प्रवृत्तिका यी विविध बुँदाहरूका आधारमा उपन्यासका साक्ष्यको विश्लेषणबाट यस उपन्यासमा नारीहरूलाई शारीरिक रूपमा भिन्न भएकैले लैङ्गिक आधारमा विभेद गर्ने, दमन गर्ने, हेप्ने तथा कमजोर मानव ठानी विभिन्न किसिमका हेयपूर्ण उपमा दिने प्रवृत्तिको विरोध गरिएकाले लैङ्गिक विभेद र समानताप्रतिको चेतना मुखरित बन्न पुगेको निष्कर्ष निकालिएको छ । यस्तै पितृसत्तात्मक समाजमा लिङ्गका आधारमा नारीको बौद्धिकता र क्षमतामाथि बन्देज तथा विभेद गरिने परिपाटीको समेत विरोध गरिएको, नारीलाई धर्म र संस्कृतिले निर्माण गरेका विभिन्न कुरीतिको फन्दामा बेरिने प्रवृत्तिदेखि लिएर राजनीति, शक्तिसम्बन्ध तथा वैयक्तिक निर्णयमा समेत नारीको स्वतन्त्रताको पक्षमा आवाज उठाइएको हुनाले नारीअस्तित्वप्रतिको चेतना तथा नारीविभेदप्रतिको विरोधको चेतना सशक्त बनेको तथ्य पनि प्रस्तुत गरिएको छ । महाभारतकालीन समयका पात्र तथा घटनालाई लिएर वर्तमान परिवेशका तादात्म्यमा पुनर्लेखन गरिएको प्रस्तुत उपन्यासमा अस्तित्ववादी नारीवादी प्रवृत्ति सशक्त बन्न पुगेको निष्कर्ष यस अध्ययनले निकालेको छ ।*

**शब्दकुञ्जिका :** *अस्तित्व, नारीवाद, पितृसत्ता, लैङ्गिकता, वैयक्तिकता ।*

## विषय परिचय

नीलम कार्की निहारिकाको चीरहरण (२०७२) महाभारतकालीन घटनालाई वर्तमान समयको सापेक्षतामा प्रस्तुत गरिएको नारीवादी उपन्यास हो । यस उपन्यासमा विभिन्न नारीपात्रहरूले चालेको कदमले नारीमाथिको लैङ्गिक विभेदप्रति सचेत रूपमा आवाज उठाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस उपन्यासमा नारीलाई पुरूषभन्दा कमजोर ठानेर हेप्ने परम्परा, नारीलाई भोग्या वस्तुका रूपमा उपभोग गर्ने पुरूषप्रवृत्तिको विरोध गर्दै नारी र पुरूषहरूको समानसहभागिता तथा नारीअस्तित्व एवम् पहिचानप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । प्रजनन तथा वैयक्तिक निर्णयमा नारीको स्वतन्त्र अधिकार, पितृसत्तात्मक शोषण तथा दमनप्रतिको विरोध र नारीमा जागेको चेतनालाई प्रस्तुत गरिएको यस उपन्यासमा सामाजिक संस्कारका नाममा नारी र पुरूषमा गरिने विभेदजन्य व्यवहार एवम् क्रियाकलापको विरोध प्रस्तुत भएको पाइन्छ। नारीको समान भूमिका तथा सहअस्तित्वको खोजी गरिएको यस उपन्यासमा द्रौपदीको चीरहरणका कारण नारीजातिलाई गरिएको उपेक्षा र हिंसाप्रतिको विरोधलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । यसर्थ नारीको समान अस्तित्व र पहिचानको माग गर्दै नारीअधिकार र वैयक्तिक स्वतन्त्रताका पक्षमा आवाज उठाउने अस्तित्ववादी नारीवादी सिमोन द बुभोले अगि सारेका नारीवादी मान्यताका आधारमा निहारिकाको चीरहरण उपन्यासको विश्लेषण गर्नु सान्दर्भिक हुनाले यस शोध लेखमा प्रस्तुत उपन्यासमा अभिव्यक्त नारीवादी प्रवृत्तिको निरूपण गरिएको छ ।

### समस्या र उद्देश्य

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा नारीमाथि गरिने विभेद तथा दमनको स्थितिप्रतिको सचेतना प्रस्तुत गरिएको हुनाले नारीवादी चेतना मुखरित देखिन्छ । यसर्थ यस उपन्यासमा प्रस्तुत नारीवादी चेतनाको स्थिति के-कस्तो रहेको छ भन्ने जिज्ञासालाई अध्ययनको मूल समस्याका रूपमा लिइएको छ। यो मूल समस्याका समाधानका लागि यस उपन्यासमा के-कस्ता नारीअस्तित्वप्रतिको चेतना र नारीविभेदप्रतिको चेतनालाई प्रस्तुत गरिएका छन् भन्ने उपसमस्या निर्माण गरिएको छ । यिनै मूल तथा उपसमस्याको समाधानको खोजी गरी विवेच्च उपन्यासमा प्रस्तुत नारीवादी चेतनाको निरूपण गर्नु यस अध्ययनको उद्देश्य राखिएको छ ।

### सामग्रीसङ्कलन र विश्लेषणविधि

प्रस्तुत अध्ययन नारीवादी सिद्धान्तका आधारमा नीलम कार्की निहारिकाको चीरहरण उपन्यासको विश्लेषणमा केन्द्रित भएको हुनाले निगमनात्मक प्रवृत्तिको बनेको छ । यसमा विवेच्य कृतिमा प्रस्तुत तथ्यको विश्लेषण गरी नारीवादी चेतनाको निरूपण गर्न वर्णनात्मक विधिको प्रयोग गरिएको छ। विवेच्य उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने यससँग सम्बन्धित समालोचनात्मक लेखहरू र सिमोन द बुभोको द सेकेन्ड सेक्सजस्ता सैद्धान्तिक कृतिलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। यी सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ। यस क्रममा नारीवादी सिद्धान्तसम्बन्धी अवधारणालाई अलग शीर्षकमा उल्लेख नगरी कृतिविश्लेषणकै क्रममा उल्लेख गरिएको छ ।

## नारीवादी प्रवृत्तिका आधारमा *चीरहरण* उपन्यासको विश्लेषण

निहारिकाको चीरहरण उपन्यासमा प्रस्तुत नारीवादी प्रवृत्तिका विश्लेषणका लागि सिमोन द बुभोको सेकेन्ड सेक्स नामक पुस्तकमा अभिव्यक्त नारीवादी अवधारणालाई आधार लिइएको छ । यस क्रममा प्रस्तुत उपन्याससँग सापेक्षित मतलाई मात्र विश्लेषणका आधार बनाइएको छ । विशेष गरी नारीको पहिचान र वैयक्तिक अधिकारका पक्षमा आवाज उठाउँदै नारीलाई 'अन्या' वा दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्न नहुने बुभोको धारणालाई आधार मानेर निहारिकाको प्रस्तुत उपन्यासमा अभिव्यक्त नारीअस्तित्वप्रतिको चेतनाको निरूपण यस लेखमा गरिएको छ भने बुभोले सोही पुस्तकमा लिङ्ग, धर्म, संस्कृति, वर्गादिका आधारमा नारीमाथि हुने गरेका विभेदका विरूद्धमा अघि सारेको मतका सापेक्षमा प्रस्तुत उपन्यासको विश्लेषण नारीविभेदप्रतिको चेतना उपशीर्षकअन्तर्गत गरिएको छ ।

## नारीअस्तित्वप्रतिको चेतना

नारीको स्वतन्त्र अधिकार र पहिचानको मागसहित उठेको आवाज नै नारीअस्तित्वप्रतिको चेतना हो । यसभित्र नारीको पहिचान एवम् अस्तित्वप्रतिको चेतना, नारीको वैयक्तिक अधिकारप्रतिको चेतना, पितृसत्तात्मक दमन तथा महिला हिंसाप्रतिको विरोधसम्बन्धी चेतनाका साथै राजनीति र शक्तिसंरचनामा नारीको समान सहभागिताप्रतिको चेतनाजस्ता उपशीर्षक निर्माण गरी निहारिकाको प्रस्तुत उपन्यासमा अभिव्यक्त नारीअस्तित्वप्रतिको चेतनाको निरूपण यसप्रकार गरिएको छ :

### *नारीको पहिचान एवम् अस्तित्वप्रतिको चेतना*

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा नारीमाथि हुने अपमान, दमन र विभेदको विरोध गरिएको हुनाले नारीको स्वतन्त्र पहिचान र अस्तित्वप्रतिको चेतना मुखरित भएको छ । यस उपन्यासमा द्रौपदी, कुन्ती, माद्री आदि नारीहरूले आफ्नो अस्मिताको खोजी गरेका छन् । आफूलाई श्रीमान्कै तुल्य बनाउने सोच बोकेकी गान्धारीले गरेको त्यागप्रति प्रश्न गर्दै द्रौपदीले गान्धारीलाई भनेको प्रस्तुत कथनले नारीको स्वतन्त्र अस्तित्वप्रति सजग गराएको देखिन्छ - "अन्यथा नमान्नुहोला । आँखामा पट्टी बाँध्नुलाई नै म एक महाभावुकता मान्छु । भावावेशको त्याग घातक हुन सक्छ । अनि अर्को पक्ष, नारीजाति बढी भावुक भएकाले नै फाइदा लिनेहरूलाई सहज भएको हुन्छ" (पृ. ३१०) । उपन्यासमा प्रस्तुत द्रौपदीको यस किसिमको कथनले नारीहरू आँखामा पट्टी बाँधेर बस्नु महाभावुकताको उदाहरण हो भन्ने कुरालाई सङ्केत गर्दै नारीको स्वतन्त्र अस्तित्व र निर्णयको पक्षमा वकालत गरेको छ । यस्तै उनको यस कथनले नारीले भावुकतामा लिएको निर्णयले आफ्नो पहिचान र अस्तित्वलाई गुमाउने र नारीजाति बढी भावुक भएपछि अरूले फाइदा लिन सजिलो हुने सन्दर्भलाई समेत प्रस्तुत गरेको छ ।

यस उपन्यासमा द्रौपदीलाई पाँच पाण्डवसँग विवाह गर्नुपरेको बाध्यात्मक चोट हुँदाहुँदै आफ्नो वैयक्तिक जीवनमा मुनिले बनाएको नियमप्रतिको असन्तुष्टि भाव प्रस्तुत गरिएको छ । "बाँडिएको रातको मुख्य अंश म थिएँ भने मलाई एक वचन सोध्न, राय लिन जरूरत थियो/थिएन ? नारदमुनिले इन्द्रप्रस्थ र

पाण्डवको भलाइ चाहनुभएको होला, किन्तु अन्याय हुन गयो एक नारीमाथि" (पृ. ३१४) भन्ने अभिव्यक्तिले सो कुराको पुष्टि गरेको छ । उनको मनमा उब्जेको यस किसिमको प्रश्नले आफ्नै व्यक्तिगत जीवनको निर्णयमा समेत नारीलाई कुनै पनि महत्व नदिने पुरूष प्रवृत्ति प्रति असन्तुष्टि भाव जनाएको छ । यस्तै यस कथनले नारीको अस्तित्वलाई नगन्य ठानिदिने पितृसत्तात्मक परम्परा र नारीलाई मानवका रूपमा समान दर्जा नदिने प्रवृत्तिप्रति विरोध जनाएको पाइन्छ । यस विचारलाई उनको "मेरो भलाइमा मेरो निम्ति वार्ता हुँदै थियो त किन मेरो  अनुपस्थितिमा ? मेरो इच्छा-आकाङ्क्षा, चाहना, परामर्शको कुनै स्थान हुन्छ/हुँदैन ?" (पृ. ३१९) भन्ने कथनले अझ प्रस्ट पारेको देखिन्छ । यसरी नारीका विचार, इच्छा र भावनाको कदर नगरिने र नारीअस्तित्वको उपेक्षा गरिने परम्परागत संस्कारलाई विरोध गर्दै त्यसप्रति आफूमा जागेको वितृष्णा र चेतनालाई द्रौपदीले प्रस्तुत गरेको हुनाले यस उपन्यासमा नारीको स्वतन्त्र अस्तित्व र अधिकारप्रतिको चेतना पाउन सकिन्छ ।

द्रौपदीले आफूलाई नङ्ग्याउन आदेश दिने र नङ्ग्याउन अघि सर्ने दुर्योधन र दुःशासनप्रति औँला उठाएर चेतावनी दिएकी छन् । "दुष्ट, तँलाई जन्मदिने यो धर्ती देखाउने नारी  हुन् । नारीको इज्जत गर् ! यति बिघ्न अन्याय, अत्याचार नगर् कि जन्मदिने जननीले नै तेरो जन्ममा अपसोचको आँसु बगाउनुनपर ोस्" (पृ. ३६८) भन्ने उनको कथनले यसको पुष्टि गरेको छ । यस कथनले नारीको मूल्य नबुझी नारीकै अस्मितामाथि खेलवाड गर्ने प्रवृत्तिको विरोध गरेको छ । यस्तै प्रवृत्तिका पुरूष जन्माएर आमाको कोखले अपमान सहननपरोस् भनी नारीको अस्तित्वप्रतिको चेतनालाई समेत यसमा प्रस्तुत गरिएको हुनाले नारीपहिचान र अस्तित्वप्रतिको चेतना अभिव्यक्त भएको छ ।

यस उपन्यासमा द्रौपदीको चीरहरण हुँदै गरेको समयमा उनको कानमा परेका यस किसिमको आवाजले नारीको स्वतन्त्र अस्तित्वप्रति सजग गराएको छ :

> अब स्वयम् तिमी परिस्थितिसँग जुध्नू । द्रौपदी, तिमी नारी आफू स्वयम्मा एक शक्ति हौ । उठ, जाग द्रौपदी, यो सभ्यताविरूद्धको आक्रमणको सामना गर । रोएर कमजोर भएर होइन, साक्षात् देवी   बनेर । जाग आफू र समस्त नारीलाई जगाऊ ! अब बाँकी लडाइँ तिम्रो हुनेछ । तिमी धर्मरक्षाको संवाहक हुनेछौ । (पृ. ३७०)

आकाशवाणीका रूपमा उपन्यासमा प्रस्तुत यस कथनले नारीहरू अरूको भर परेर आफ्नो अन्यायबाट मुक्तिको आशा पालेर नबसी आफैँ लड्नुपर्ने विचार व्यक्त गरेको छ । यसले नारी कमजोर नभएर शक्तिशाली देवीका रूपमा उत्रिएर लडी आफ्नो अस्तित्वको खोजी गर्नुपर्ने भाव प्रस्तुत गरेको छ । आकाशवाणी गराएर मार्गदर्शन गर्दै भए पनि उपन्यासमा निर्माण गरिएको यस किसिमको परिवेशले नारीलाई आफैँ आफ्नो अस्तित्वको लडाइँ लड्न उत्प्रेरित गरेको हुनाले यस उपन्यासमा सिर्जित औपन्यासिक परिवेशले समेत नारीअस्तित्वप्रतिको चेतनालाई प्रस्तुत गर्नमा सहयोग पुऱ्याएको छ ।

## *नारीको वैयक्तिक अधिकारप्रतिको चेतना*

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा प्रजनन, विवाहजस्ता नारीको निजी क्षेत्रमा वैयक्तिक अधिकार हुनुपर्ने माग गरिएको हुनाले नारीको वैयक्तिक अधिकारप्रतिको चेतना प्रस्तुत गरिएको छ । नारीका यस्ता व्यक्तिगत क्षेत्रमा अरूले जमाउने हैकमप्रतिको चेतना पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ। "नारीले गर्भधारण गर्न पाउनु उसको अधिकार हो। यसलाई तिमी किञ्चित पाप नसम्भ। सही अर्थमा राजमाताबाट एक पुण्य हुँदै छ" (पृ. १५१) भन्ने अम्बिकाको कथनले सोही कुराको पुष्टि गरेको छ। यस कथनमा प्रजननमा नारीको स्वतन्त्र अधिकार भएको विचार प्रस्तुत गरिएको छ। विचित्रवीर्यको असमायिक निधनपछि उनका श्रीमतीहरू अम्बिका र अम्बालिकालाई राजमाता सत्यवतीले अन्य पुरूषबाट गर्भधारण गर्न गरेको आग्रहको समर्थनमा अम्बिकाले भनेको यस कथनले नारीले गर्भधारण गर्ने नगर्ने उसको वैयक्तिक अधिकार भएको विचार प्रस्तुत गरेको छ।

यस्तै अर्काको बाध्यतामा परेर गर्भधारण गर्नु नहुने विचार अम्बालिकाले प्रस्तुत गरेकी छन् । "परन्तु करबलमा गर्भधारण गराउनुलाई म पाप सम्भन्छु" (पृ. १५१) भन्ने उनको कथनले सो कुराको पुष्टि गरेको छ । यसरी अम्बिका र अम्बालिकाको कथनले नारीहरूले आफूले गर्भधारण गर्ने नगर्ने भन्ने विषयमा आफूलाई उचित लागेको कुरा गर्न पाउनुपर्ने विचार प्रस्तुत गरेका छन् । यसले नारीको प्रजननसम्बन्धी वैयक्तिक अधिकारप्रतिको चेतनालाई प्रस्तुत गरेको छ।

निहारिकाको प्रस्तुत उपन्यासमा कुन्तीले आमा बन्नु अर्काको भलाइ नभएर आफ्नो स्वतन्त्र अधिकार हो भन्ने विचार यसरी प्रस्तुत गरेकी छन्। "महाराज, हामीले यहाँउपर उपकार गरेका होइनौं। माता बन्नु हाम्रो कर्तव्य साथै अधिकार र सौभाग्य पनि हो" (पृ. २४२) भन्ने उनको कथनले यसको पुष्टि गरेको छ । उनको यस कथनले नारीहरूलाई आमा बन्ने निर्णयमा स्वतन्त्र अधिकार भएको र अर्काको उपकारका लागि भन्दा पनि आफ्नै अधिकार र कर्तव्यको पालना गरी आमा बनेको विचार प्रस्तुत गरेको छ। यस्तै यस उपन्यासमा नारीलाई कुनै वस्तुसरह उपभोग गर्ने प्रवृत्तिको विरोध गरी नारीको वैयक्तिक अधिकारप्रतिको चेतनाभाव द्रौपदीले प्रस्तुत गरेकी छन्। "महाराजले जुवामा थाप्ने के म वस्तु हुँ ? के म उहाँको निजी सम्पत्ति हुँ ? पत्नी हो भन्दैमा जे-जसो गर्न छुट छ ? पत्नीलाई जुवामा थाप्नु उहाँको न्याय हो ?" (पृ. ३६१) भन्ने उनको कथनले नारीलाई मानव भएर बाँच्ने व्यक्तिगत हक र अधिकारको स्मरण गराएको छ। यस्तै यस कथनले नारीलाई सम्पत्ति ठानी जुवामा दाउ थाप्ने युधिष्ठिरजस्ता राजाप्रति विद्रोही भाव व्यक्त गरेको छ। यसले नारीको व्यक्तिगत जीवनलाई उपभोग गर्ने अधिकार कसैमा नहुने विचार प्रस्तुत गरेको छ।

## *पितृसत्तात्मक दमन तथा महिला हिंसाप्रतिको विरोधसम्बन्धी चेतना*

निहारिकाको चीरहरण उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने दमन, अन्याय र अत्याचारको विरोध गर्दै नारीमाथि हुने कुटपिट, बलात्कार आदि हिंसाजन्य व्यवहारको समेत विरोध गरिएको हुनाले

पितृसत्तात्मक दमन र महिलाहिंसाबाट मुक्तिप्रतिको चेतना पनि प्रस्तुत भएको छ । यस उपन्यासमा नारीमाथि गरिने हिंसात्मक व्यवहारलाई नागकन्याको यसप्रकारको भनाइले पुष्टि गरेको छ :

> त्यस समयमा पनि नारी बलात्कृत भएका थिए । अपहरणमा परेका थिए कैयौँ नारी । प्रेमी र पतिबाट त्यागिएका थिए । चीरहरण यो युगको मात्र रोग होइन, युगयुगदेखिको घाउ हो । परन्तु आत्महत्या त्यसको उपचार होइन । त्यो बाटो रोज्नुभएको थिएन महारानी द्रौपदीले । यो युगमा बलात्कृत भएर आफूलाई गङ्गाको काखमा बिसाउने धेरैलाई भेटेका छौँ हामीले । कतिलाई बलात्कारपश्चात् हत्या गरेर जलमा विसर्जन गरिदिने गर्दा रहेछन् । कोही बलात्कृत हुनाको पीडामा आफ्नो जीवन गङ्गामा बिसाउन आउँछन् । (पृ. ३)

नागकन्याको यस कथनमा महाभारतकालीन समयमा नारीहरूलाई बलात्कार गर्ने, अपहरण गर्ने, प्रेमी र पतिबाट त्याज्य हुने, चीरहरण गरिने कार्य भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसले नारीमाथि गरिने हिंसात्मक प्रवृत्तिलाई प्रस्ट पार्दछ । वर्तमान युगमा समेत नारीहरू ती पीडाबाट मुक्त नभएको सन्दर्भलाई समेत यस कथनमा प्रस्तुत गरिएको छ । यस कथनले नारीमाथि हुने हिंसात्मक क्रियाकलापको प्रस्ट चित्र खिचेको छ । यस उपन्यासमा व्यास ऋषिको निम्नलिखितअनुसारको विचारले भने नारीप्रतिको श्रद्धाभावलाई प्रस्तुत गरेको छ :

> मेरो दृष्टिकोणमा नारी अति पुजनीय छन् भने नारी किन वर्जित हुनु ? एक अकाट्य सत्य यो हो, सन्तान पुरूषको एक्लो प्रयासबाट प्राप्त हुने कर्म होइन । गर्भधारण गर्ने, गर्भ हुर्काउने र जन्मदिने नारीले हो । सृष्टिमा नारी र पुरूषको बराबरी योगदान रहन्छ भन्नेमा समेत म कहिले सहमत छैन । गर्भधारणमा योगदान बराबरी छ । के अङ्कुरण हुँदैमा जन्मप्रक्रिया पूर्ण हुन्छ ? सत्य यो हो कि सृष्टिको धेरै चरण नारीको गर्भमा पूरा हुन्छ । सृष्टिलाई संसारमा अवतरण गराउने नारीले हो । खोइ, त्यो नौ माससम्म आफ्नो कोखमा हुर्काएको समयको हिसाब ? वृक्ष बीजको हुन्छ या धर्तीको ? (पृ. १३४)

पितृसत्तात्मक सोच बोकेका पुरूषहरूले सन्तानमाथि सम्पूर्ण अधिकार आफ्नो भएको दाबी गर्दछन् तर सन्तान उत्पादन गरिदिने नारीप्रति उपेक्षा गर्दछन् । व्यास ऋषिको यस कथनले भने नारीहरूले नौ महिनासम्म गर्भमा बोकेर जन्माउने, हुर्काउने अभिभारा पूरा गरेको नदेख्ने पुरूषप्रवृत्तिको विरोध गरेको छ । यसले सन्तानप्रतिको अधिकार नारीमा बढी हुने विचार प्रस्तुत गरी नारीहरू पुजनीय भएको सन्दर्भ प्रस्तुत गरेको छ । यसर्थ यस कथनले नारीलाई उपेक्षा गरी हरेक कार्यमा आफैँलाई सर्वेसर्वा ठान्ने पितृसत्तात्मक सोच बोकेका पुरूषविचारको विरोध गरी नारीको हकअधिकार र अस्तित्वको पक्षमा वकालत गरेको छ ।

यस्तै यस उपन्यासमा नारीलाई मानवका रूपमा भन्दा पनि भोग्याका रूपमा जबर्जस्ती गर्ने पुरूषप्रवृत्तिलाई द्रौपदीको कथनले प्रस्ट पारेको छ । "म जुवाघरमा जान्नँ भन्दै विद्रोह गरेँ । उसको दुष्ट हातबाट मेरो

कपाल लुछियो । मैले निरन्तर विद्रोह गरेँ । भुइँमा लड्न पुगेँ । दुःशासनले मेरो केशमा बलियो गरी समाएर लतार्‍यो-घिसार्‍यो" (पृ. ३६४) भन्ने कथनले आफ्नो श्रीमान् युधिष्ठिरले जुवामा दाउ लगाएर हारेपछि विजयीका तर्फबाट दुःशासनले जुवाघरमा हिँड् भनी गरेको दुर्व्यवहार र हिंसालाई प्रस्ट पारेको छ । नारीको व्यक्तिगत जीवन र इच्छाको उपेक्षा गर्ने पितृसत्तात्मक संस्कारबाट पोषित पुरूषहरूले द्रौपदीजस्ता नारीमाथि गरेको हिंसात्मक व्यवहार र त्यसप्रतिको विरोधलाई यस कथनमा प्रस्तुत गरिएको हुनाले पितृसत्तात्मक दमन र महिलाहिंसाबाट मुक्तिप्रतिको चेतना अभिव्यक्त भएको छ ।

श्रीमतीलाई गौण वस्तु ठानी दाउमा लगाउने श्रीमान्को लाचारीपनप्रति विद्रोहलाई द्रौपदीको निम्नलिखितअनुसारको कथनले प्रस्ट पारेको छ :

> यस्तो लागिरहेको थियो, दुःशासनको छाती चिरेर रगत पिऊँ तनतनी । वेश्या भन्ने कर्णको जिब्रो काटिदिऊँ । कुनजरले हेर्ने दुर्योधनका आँखाहरू फोडिदिऊँ । निःशस्त्र नारीसँग श्राप मात्र शस्त्रअस्त्र थियो । ...पापी दुःशासन, तेरो हातले एक द्रौपदीको शरीर मात्र नङ्ग्याउन खोजिएको होइन, यो नारीजातिको इज्जत वस्त्रहरणको दुस्प्रयास हो । वस्त्रहरण स्वयम्मा एक बलात्कार हो । म बलात्कृत भएकी छु । यो यज्ञसेनी द्रौपदी आज यहाँ उपस्थित यस पापका साक्षी पुरूषहरूसामु एक प्रतिज्ञा गर्छु, जबसम्म दुःशासनको छातीको रगतले यो खुल्ला केश धुनेछैन, तबसम्म यो द्रौपदी आफ्नो केशकर्म गर्नेछैन । (पृ. ३७१)

द्रौपदीको यस कथनले नारीको अस्मितामाथि खेलवाड गर्ने पुरूषप्रतिको विद्रोहलाई प्रस्तुत गरेको छ। नारीलाई मनोरञ्जनका साधन ठानेर खेल्ने प्रवृत्तिका दुःशासन, दुर्योधनलगायतका पितृसत्तात्मक सोच बोकेका पुरूषहरूको विनाशका लागि नारीमा जागेको चेतना द्रौपदीको यस कथनमा प्रस्तुत भएको छ। नारीमाथि हुने हिंसात्मक व्यवहार, अत्याचार र यौनजन्य शोषणका विरूद्धका विरोधमा लाग्ने नारीको अठोट र हिम्मतलाई समेत यस कथनले प्रस्ट पारेको हुनाले चीरहरण उपन्यासमा पितृसत्तात्मक दमन र महिलाहिंसाबाट मुक्तिप्रतिको चेतना पाइन्छ ।

## *राजनीति र शक्तिसंरचनामा नारीको समान सहभागिताप्रतिको चेतना*

नीलम कार्की निहारिकाको चीरहरण राजदरबारकै नारीहरूको प्रमुख भूमिकामा लेखिएको उपन्यास भएका कारणले राज्यको प्रमुख ओहोदामा बसेका नारीहरूको उपस्थिति यसमा बढी पाइने हुँदा ती चरित्रको विचार तथा क्रियाकलापमार्फत प्रस्तुत राजनीति र शक्तिसंरचनामा महिला भूमिकाप्रतिको चेतना पाइन्छ। यसमा राजनीतिक क्षेत्रमा सक्रिय नारीपात्रहरू सत्यवती, अम्बिका, अम्बालिका, गान्धारी, कुन्ती, माद्री, द्रौपदी आदि नारीहरूको उपस्थिति देखिन्छ । यी नारीहरूमध्ये राजमाताका रूपमा रहेकी सत्यवतीको राजनीतिक क्षेत्रमा सक्रिय भूमिका रहेको छ । वनवासका क्रममा दरबारबाहिरै धेरै समय विताउन परे पनि कुन्तीले पाँच पाण्डवका लागि दिएको मार्गनिर्देशन र इन्द्रप्रस्थको निर्माणमा निभाएको महत्वपूर्ण भूमिकामा उनको राजनीतिक चेतना तथा सक्रियता प्रस्ट देखिन्छ ।

यस्तै गान्धारीको विचारलाई भने धृतराष्ट्र तथा दुर्योधन र शकुनीले छायाँमा पारेको देखिन्छ । अम्बिका, अम्बालिका र माद्रीको भूमिका पनि उल्लेखनीय नै देखिन्छ । द्रौपदीले पाँच पाण्डवलाई एक बनाएर एकतामै बल हुन्छ भन्ने कथनलाई सार्थक बनाइ देशविकास र निर्माणका लागि पुऱ्याएको सहयोगले उनमा भएको राजनीतिक चेतना र शक्तिसंरचनामा महिलाको भूमिकालाई प्रस्ट पार्दछ । यस उपन्यासमा सत्यवतीको कथनले नारीको राजनीतिक सहभागिता र भूमिकालाई प्रस्ट पारेको छ। "म माता मात्र होइन राजमाता समेत हुँ । राज्यको दायित्व छ । आफ्नै महात्त्वाकाङ्क्षाका कारण साधारण नारी भएर बाच्न पाइनँ" (पृ. १४९) भन्ने कथनले सो कुराको पुष्टि गरेको छ । उनको यस कथनले राज्यको महत्वपूर्ण जिम्मेवारी सम्हालेर आफ्नो वैयक्तिकभन्दा राजमाताका रूपमा जीवन बितेको सन्दर्भलाई प्रस्तुत गरेको छ । यसले उनको राज्यप्रतिको दायित्व र भूमिकालाई प्रस्ट पारेको छ ।

निहारिकाको प्रस्तुत उपन्यासमा माद्रीले व्यक्त गरेको "दिदी, म मद्रमा एक योद्धा थिएँ, सेनानी थिएँ । म हतियार चलाउन पोख्त छु । मैले कैयौँपटक एक्लै मोर्चा सम्हालेकी पनि छु । ....स्वयम् महाराजलाई ज्ञात छ, म कुशल योद्धा हुँ । उहाँसँग युद्ध लडेकी छु" (पृ. २२२) भन्ने कथनले मद्रमा सेनासँग योद्धाका रूपमा निभाएको भूमिकालाई प्रस्ट पारेको छ । यस कथनले माद्रीमा भएको राजनीतिक चेतना र सहभागितालाई समेत प्रस्तुत गरेको छ ।

यस उपन्यासमा द्रौपदीको कथनले नारीको राजनीतिक चेतना र सहभागितालाई प्रस्तुत गरेको छ । "गृह-द्वन्द्वमा अल्झिएको राजाबाट सुशासनको अपेक्षा गर्न सकिन्न भन्नेमा सतर्क छु । प्रत्यक्ष-परोक्ष रूपमा राज्यसञ्चालनमा सहयोग पुऱ्याएकी छु" (पृ. ३५०) भन्ने उनको कथनले सो कुराको पुष्टि गरेको छ । उनको यस कथनमा राज्यको निर्माणप्रतिको नारीको चासो तथा राज्यसञ्चालनमा नारीले पुऱ्याएको योगदानलाई प्रस्ट पारेको हुनाले प्रस्तुत उपन्यासमा राजनीति र शक्तिसंरचनाप्रतिको चेतना समेत मुखरित भएको पाइन्छ ।

### नारीविभेदप्रतिको चेतना

नारीलाई पुरूषसरह अधिकारबाट वञ्चित गरी दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने परिपाटीको विरोध नारीवादले गर्दै आएको छ । शारीरिक रूपमा भिन्न हुँदैमा नारीहरू कमजोर र निरीह हुन्छन् भन्ने पितृसत्तात्मक सोचका विरूद्ध जागृत चेतनाले नारीविभेदप्रतिको चेतनालाई प्रस्ट पार्दछ । यसर्थ बुझोले अघि सारेका लैङ्गिक विभेद एवम् समानताप्रतिको चेतना, जातीय एवम् वर्गीय विभेदप्रतिको चेतना, धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतनासम्बन्धी नारीवादी प्रवृत्ति निहारिकाको चीरहरण उपन्यासमा कसरी अभिव्यक्त भएका छन् भन्ने कुराको अध्ययन यसप्रकार अलगअलग उपशीर्षकमा गरिएको छ :

### लैङ्गिक विभेद एवम् समानताप्रतिको चेतना

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा नारीलाई पुरूषसमान हकअधिकार र अवसर

नदिई विभेद गरिने परिपाटीको अन्त्यको माग गरिएको छ । यस उपन्यासमा पुरूषका तुलनामा आर्थिक, सामाजिक, राजनैतिक कुनै पनि पक्षमा नारीहरू पछाडि नरहेको विचार प्रस्तुत गरिएको हुनाले नारीमाथि परम्परा, संस्कारका नाममा गरिने लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस उपन्यासमा मत्स्यकन्या वा सत्यवतीले नारी भएर पनि पुरूषसरह चालेको हिम्मतिलो कदमलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> एकपटक घाटेहरूबीच डुङ्गा चलाउने प्रतिस्पर्धा भएको थियो । सबैलाई उछिनेर मैले नै सर्वप्रथम पारी पुऱ्याएकी थिएँ । भयङ्कर भनिने ज्यानमारा भुमरीमा पनि डुङ्गा बचाउन सक्थेँ म । पुरूषहरूसँगको त्यो प्रतियोगिता जितेपश्चात् ग्रामका युवाहरूले मप्रति हेर्ने दृष्टिकोण नै परिवर्तन भएको थियो । अनि छोरा र छोरीले गर्न सक्ने नसक्ने कामको अन्तर लिङ्गभेदको कार्यविभाजनमा अलि संयमित भएर बोल्ने गर्थे सबै निषाद्हरू । (पृ. ११)

सत्यवतीको यस कथनमा नारी भएर पनि पुरूषलाई प्रतियोगितामा हराउन सफल भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस कथनले छोरा र छोरीमा गरिने विभेदप्रतिको दृष्टिकोण नै बदलिएको तथ्यलाई समेत पुष्टि गरेको छ । यस कथनले नारीहरू शारीरिक र मानसिक दुवै पक्षमा पुरूषभन्दा कमजोर नभएको सन्दर्भलाई प्रस्ट पारेको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस्तै सत्यवतीको डुङ्गा ठूलो भेलमा पल्टिएपछि हिम्मत र साहसका साथ नदीको भेलसँग जुध्दै किनारामा पुगेको सन्दर्भलाई उनले प्रस्तुत गरेकी छन् : “परिआएपछि जस्तोसुकै कठिनाइको पनि सामना गनुपर्ने रहेछ । निरन्तर अघि बढिरहनु नै त्यस भवितव्यको सही समाधान थियो” (पृ. १४) भन्ने उनको कथनले पनि नारीहरूले समय र परिस्थितिअनुरूप सङ्घर्ष गर्न सक्ने तथ्यलाई पुष्टि गरेको छ । यसर्थ यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ ।

निहारिकाको यस उपन्यासमा सत्यवतीको कथनमार्फत आफ्नो पिता वा दासराजले सन्तानका रूपमा छोराको चाहना गरेर बहुविवाह नगरी आफूप्रति लैङ्गिक विभेद समेत नगरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । “पिताजीले चाहेको भए मेरी माताबाट सन्तान नभएको भन्दै अरू पत्नी भित्र्याएर सन्तान जन्माउने तत्परता देखाउनुहुन्थ्यो होला ...परन्तु म नै सन्तानका रूपमा पिताका निम्ति सर्वस्व थिएँ” (पृ. २९) भन्ने सत्यवतीको कथनले लैङ्गिक समानतासम्बन्धी दृष्टिकोणलाई प्रस्तुत गरेको छ । उनको यस कथनले छोराछोरीमा विभेद नराखी निस्वार्थ प्रेम गर्ने तथा सन्तान नभएका कारणले बहुविवाह गर्ने विचार नराख्ने आदर्श पिताको व्यवहारलाई प्रस्ट पारेको छ । यसरी सन्तानप्रति विभेद लैङ्गिक विभेद नगर्ने दासराजको विचारमार्फत यस उपन्यासमा लैङ्गिक समानताप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ। यस उपन्यासमा सत्यवतीलाई जन्मदिने वास्तविक पिता चेदीराजले उनलाई पुत्री भएका कारणले त्यागेको भन्दै सत्यवतीले यसप्रकारको आक्रोश प्रकट गरेकी छन् :

> म एक विश्वासका साथ भन्न सक्छु, जे-जस्तो भए तापनि शरीरबाट जतिसुकै माछाको गन्ध आए पनि पुत्र भएर जन्मेको भए चेदीराजको निम्ति स्वीकार्य हुनेथिएँ म जसरी मेरोजस्तै मत्स्यगन्ध दाजु स्विकारिनुभयो । स्वार्थी पुरूष । धिक्कार्छु म तिमीलाई । स्वार्थी राजा तिम्रो पुत्री कहलिनु

नपरेकोमा मलाई सन्तुष्टि छ भन्ने एक स्पष्ट धारणा बनाएकी थिएँ मैले जन्मदाताहरूप्रति । (पृ. ३३)

सत्यवतीको यस कथनले छोरीलाई विभेद गर्ने पितृसत्तात्मक सोच बोकेका उनका बाबुप्रवृत्तिका पुरूषको विरोध गरेको छ । यस कथनमा लिङ्गका आधारमा विभेद गर्ने प्रवृत्तिप्रतिको चेतना अभिव्यक्त भएको छ ।

त्यस्तै पितृसत्ताले निर्माण गरेको संस्कार र परम्पराले नारीलाई मात्र सम्झौता गर्न विवश तुल्याएको सन्दर्भको विरोध गर्दै नारी र पुरूषको समानताको वकालत यस उपन्यासमा यसप्रकार प्रस्तुत गरिएको छ :

> ...किन सम्झौता पत्नीले मात्र गर्नुपर्ने ? किन सधैँ स्त्री आफू हारेर पुरूषलाई जिताउनुपर्ने ? किन हरेक आमाहरू आफ्ना पुत्रीलाई त्यही मार्गमा हिँडाउन चाहन्छन्, जुन मार्गमा आफू हिँडिरहेका छन् ? किन त्यही भोगाइ चाहन्छन्, जुन भोगिरहेछन् ? किन चाहना गर्दैनन् परिवर्तनको ? हजुरको नारी दुःख मेरो नजरबाट छिपेको छैन माता । (पृ. ७६)

सत्यवतीको यस कथनमा दासराजकी श्रीमती अर्थात् उनकी आमाले उनलाई भविष्यप्रति गरेको मार्गनिर्देशप्रति असन्तुष्टि व्यक्त गरिएको छ । यसमा उनले नारीहरूले हारेर पुरूषलाई जिताउनुको अर्थ तथा नारीले मात्र सम्झौता गर्नुपर्ने परिस्थिति सिर्जना हुनाको कारणप्रति प्रश्न गर्दै नारीले परिवर्तनको चाहना गर्नुपर्ने माग गरेकी छन् ।

यस उपन्यासमा तत्कालीन समयमा नारीको वैवाहिक सम्बन्धका लागि पतिचयनको अधिकार भएको सन्दर्भलाई कुन्तीकी आमाले प्रस्तुत गरेकी छन् । “तिमीलाई आफ्नो लागि योग्य पति छान्ने पूरा अधिकार छ । मैले देश-देशान्तरबाट अधिकतम योग्य वीरहरूमा निमन्त्रणा दिएको छु । त्यसमध्येबाट तिमीलाई जो इच्छा लाग्छ, हामीलाई सहर्ष स्वीकार हुनेछ” (पृ. २२१) भन्ने उनको कथनले नारीस्वतन्त्रतालाई प्रस्ट्याएको छ । यस कथनले अन्य कुरामा नारीलाई विभेद गरिए पनि पतिचयनको अवसरमा दिइएको छुट र अधिकारलाई प्रस्ट पारेको हुनाले लैङ्गिक विभेदप्रतिको चेतना अभिव्यक्त भएको छ ।

प्रस्तुत उपन्यासमा पितृसत्ताले आफूअनुकूल निर्माण गरेको संस्कारको विरोध गरिएको हुनाले लैङ्गिक विभेदप्रतिको विरोध र समानताको खोजी पाइन्छ । यसलाई कुन्तीको निम्नलिखितअनुसारको कथनले पुष्टि गरेको छ :

> माइतीको द्वार चेलीका निम्ति सधैँ ससम्मान खुल्ला रहँदैन । बिदाइपश्चात् माइतीको भरोसामा बाँच्नुलाई समाजले सम्मानका साथ स्वीकार गर्न सक्दैन । मेरा पुत्रहरूले ससुरालीमा सत्कार पाउलान्, परन्तु सम्मानजनक हेराइ पाउनेछैनन् । तिमी हामी जुन दिन माइतीको सङ्घारबाट बिदा भयौँ सही अर्थमा त्यही घडी पराई भयौँ । (पृ. ३०५)

कुन्तीको यस कथनमा नारीलाई आफ्नो जन्मघर छाडेर पराइघरमा जानुपर्ने प्रचलनप्रति असन्तुष्टि भाव व्यक्त गरिएको छ । यस्तै पुरूषले आफ्नो हक जमाएर जन्मघरमा बस्न पाउने तर बिहे भएर गइसकेपछि माइतीको भरोसामा बाँच्नुपरेको नारीलाई समाजले घृणा गर्ने प्रचलनको पनि यसमा विरोध गरिएको छ । यसरी नारीलाई माइतीबाट विदा गरिसकेपछि पराई मानिने सोचको विरोध गर्दै लिङ्गका आधारमा गरिने विभेदप्रतिको चेतना यस कथनमा मुखरित भएको छ ।

छोरा र छोरीमा भएको विभेदप्रति विरोध आइरहेको समयमा चित्राङ्गदाले भने यस्तो व्यवहार सहनुनपरेको सन्दर्भलाई द्रौपदीले प्रस्तुत गरेकी छन् । "पुत्रीलाई पनि पुत्रसमानअवसर, समान सम्मान, समान अधिकार प्रदान गर्ने मणिपुर महाराजप्रति म नतमस्तक थिएँ । नारी दुर्बल हुँदैनन्, पुत्री पनि पुत्रसमान हुन सक्छन् भन्ने उदाहरण बनेर रहेकी थिइन् चित्राङ्गदा" (पृ. ३४०) भन्ने कथनमा चित्राङ्गदालाई उनका बाबुले सम्मानसाथ समान व्यवहार गरी समान अधिकार दिएको सन्दर्भ प्रस्तुत भएको छ । यसले मणिपुर महाराजमा भएको लैङ्गिक समानताप्रतिको सोच र व्यवहारलाई प्रस्ट पारेको छ ।

निहारिकाको प्रस्तुत उपन्यासमा छोरा र छोरीबीचको विभेदलाई द्रौपदीले दाजुसरह शस्त्रअस्त्रमा दक्ष हुने अवसर नपाएको सन्दर्भमार्फत यसप्रकार प्रस्तुत गरिएको छ :

> सँगैका दाजु शस्त्रअस्त्र निपुण हुनुहुन्थ्यो, किन निःशस्त्र थिएँ ? म किन पराश्रित रहेँ ? विवाहपश्चात् वीरपतिको आश्रय सुरक्षा घेरामा बाँच्नुलाई जीवनको सर्वोपरि सार्थकता सम्झिएँ । अनि हरणको समय विवश भई हृदयलाई आश्वस्त तुल्याउँदै थिएँ; पतिहरूबाट मेरो बचावट अवश्य हुनेछ । (पृ. ४१८)

द्रौपदीको यस कथनले नारीलाई हातहतियारमा निपूर्ण बन्ने अवसर प्रदान नगरिएकोप्रति विद्वेष भाव प्रकट गरेको छ । यस्तै उनले आफू सक्षम भएर आफ्नो खुट्टामा उभिन नसकी अर्काको भरमा पर्नुपरेको सन्दर्भप्रति समेत असन्तुष्टि भाव प्रकट गरेको पाइन्छ । यसमा नारीहरू परनिर्भर नभई आत्मनिर्भर हुनुपर्ने विचार प्रस्तुत गरिएको हुनाले प्रस्तुत उपन्यासमा लैङ्गिक विभदेप्रतिको चेतना पाउन सकिन्छ ।

## *जातीय एवम् वर्गीय विभेदप्रतिको चेतना*

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा जातीय एवम् वर्गीय विभेदप्रतिको चेतना पाइन्छ । यस उपन्यासमा उच्चकुलीन वर्गका नारीदेखि दासदासी र नागजातिका नारीसम्मको उपस्थिति पाइन्छ । यस उपन्यासमा वर्गअनुरूप नारीहरूले भोगेका दुःख र उत्पीडन पनि अलगअलग देखिएका छन् ।

यस उपन्यासमा दासीले भोग्नुपरेका पीडालाई अम्बालिकाको कथनले प्रस्ट पारेको छ । "चलिआएका हरेक चलनलाई अक्षरशः पालना गर्दै जाने हो भने दासी र हाम्रो जीवनमा कुनै अन्तर रहने छैन" (पृ. १५१) भन्ने अम्बालिकाको कथनले नारीहरूबीचको वर्गीय विभेदलाई प्रस्ट पारेको छ । उनको यस कथनले दासीहरूले अरूले दिएका आदेशको विनातर्क पालना गर्नुपर्ने बाध्यतालाई प्रस्ट पारेको छ ।

अम्बालिकाजस्ता दरबारिया उच्चकुलीन नारीहरूले आफ्नो विवेक प्रयोग गर्न पाउनुपर्ने विचार प्रस्तुत गरिएको यस कथनले नारीहरूमै भएको विभेदलाई प्रस्तुत गरेको छ ।

यस उपन्यासमा अम्बिकाले नारीहरू सबै एकै जातिका हौँ भन्ने विचार प्रस्तुत गरेकी छन् । "तिमी बिर्सिरहेकी छौ, दासी पनि हामी जस्तै नारी हो । उसको शरीर हाम्रो जस्तै हुन्छ । नारी सबै एकसमान छन्" (पृ. १५१) भन्ने उनको कथनले सो कुराको पुष्टि गरेको छ । उच्च तथा निम्न जुनसुकै वर्गका भए पनि नारी भनेको नारी नै हो भन्ने भाव प्रस्तुत गरिएको हुनाले यस कथनमा नारीनारीबीचको समानताप्रतिको चेतना अभिव्यक्त भएको छ ।

निहारिकाको यस उपन्यासमा दासीको कथनमा नारीमाथि हुने यौनशोषण र त्यसका कारणले उसले भोग्नुपरेको पीडालाई प्रस्तुत गरिएको छ । "मलाई गर्भवती तुल्याएर छाडिएको पुरूष फर्किएर आएन । तत्पश्चात् म दासी भएर दरबार पसेकी छु महारानी" (पृ. २१४) भन्ने उसको कथनले सो कुरालाई प्रस्ट पारेको छ । गरिब नारीहरूलाई मात्र होइन उच्चवर्गका नारीहरू समेत यो समस्याबाट मुक्त हुन नसकेको सन्दर्भ यस उपन्यासको द्रौपदीको चीरहरणले प्रस्ट पारेको छ । दासीको उक्त कथनले भने दासीहरू वर्गीय आधारमा मात्र नभएर लैङ्गिक आधारमा समेत दमित भई विभिन्न शोषणमा परेको सन्दर्भलाई प्रस्तुत गरेको छ । यसले गर्दा यिनीहरू दोहोरो उत्पीडनमा पर्ने अवस्थालाई यस उपन्यासमा सङ्केत गरिएको छ । दासीहरूलाई उच्चवर्गका नारीका तुलनामा दोहोरो पीडा भोग्नुपरेको सन्दर्भलाई सत्यवतीको यसप्रकारको कथनले पनि प्रस्ट पारेको छ :

> ...कुन्ती तिमी स्व-ब्रह्मले निर्णय लेऊ । तिमी असमर्थ रहेकी अवस्थामा विकल्प खोज्न सकिनेछ; परन्तु तिम्रो सती हुने अधिकार भने हर्न सकिँदैन । भावावेगमा निर्णय नगर । तिम्रो आफ्नो अवधारणा व्यक्त गर । पाण्डुको साथ सती हुन दासीहरू तयार छन् । पत्नी असमर्थ रहेको अवस्थामा दासीले पनि पत्नीसमान सती हुन सक्छन् र तिनले अर्को जन्ममा फल पाउनेछन् । (पृ. २४७)

सत्यवतीको यस कथनले श्रीमान्सँग सती जानका लागि उच्चवर्गका नारीहरूले छुट पाउने अवस्थालाई प्रस्ट पारेको छ । दासीहरू भने आफ्नो श्रीमान्सँग त अनिवार्य नै सती हुनु छँदैछ, उच्चवर्गले चाहेको खण्डमा मालिकहरूसँग पनि सती जानुपर्ने बाध्यतालाई यस कथनले पुष्टि गरेको छ । अर्को जन्मको फलको लोभमा गरिब नारीहरू अर्काको लोग्नेसँग सती जानुपर्दा धनी नारीका तुलनामा थप शोषणमा पर्ने गरेको सन्दर्भलाई यस कथनले प्रस्ट पारेको हुनाले जातीय एवम् वर्गीय विभेदप्रतिको चेतना यस उपन्यासमा प्रस्तुत भएको छ ।

निहारिकाको प्रस्तुत उपन्यासमा मानवजातिका भन्दा नागजातिका नारीहरू बढी स्वतन्त्र र अधिकारसम्पन्न भएको कुरा उलुपीको यसप्रकारको कथनबाट प्रस्ट भएको छ :

> म नागराजकी पुत्री ! पितापछिकी गद्दीकी उत्तराधिकारी थिएँ । राज्य सम्हाल्नुथियो । तर म

> आफैँलाई सम्हाल्न सकेकी थिइनँ । आफ्नो प्रेमको लागि देश, राजगद्दी, मातापिता सबैसबै त्याग्नका निम्ति तयार थिएँ । त्यतिञ्जेल बाँचेको सबैभन्दा सुन्दर दिन थियो । (पृ. ३३२)

छोरी भएर पनि पितापछिको उत्तराधिकारीका रूपमा उलुपीको स्थान सुरक्षित भएको तथ्यलाई यस कथनले पुष्टि गरेको छ । यसरी प्रेममा परेपछि सबै त्यागेर स्वतन्त्र भएर हिँड्ने सोच बोकेकी उलुपीले नागलोकमा नारी र पुरूषबीच समानता हुने सन्दर्भलाई पनि प्रस्तुत गरेकी छ । “नागलोकमा पति र पत्नीको भूमिका-व्यवहार-सम्बोधन पृथक् हुँदैन थियो” (पृ. ३३६) भन्ने उसको कथनले सो कुराको पुष्टि गरेको छ । उसको यस कथनले नागलोकमा पति र पत्नी समान भूमिकामा भएको तथ्यलाई पुष्टि गरी अरू जातिका नारीले भन्दा यस जातिका नारीले पाएको स्वतन्त्रता र अधिकारलाई समेत प्रस्ट पारेको छ । “मानवजातिमा पुरूषजातिलाई आफ्नो जन्मस्थान-जन्मदाता कोही छाड्नुनपर्ने सदा साथै हुने, अनि स्त्री भने सबै त्यागी जानुपर्ने किन हुन्छ ?” (पृ. ३३७) भन्ने उसको कथनले पनि सोही कुराको पक्षपोषण गरेको छ । उलुपीको यस कथनले मानवजातिमा जस्तो नागजातिमा पुरूषको घरमा नारीहरू जानुनपर्ने तथा नारी र पुरूषमा मानवजातिमा जस्तो विभेद नहुने सन्दर्भलाई प्रस्तुत गरेको हुनाले जातीय एवम् वर्गीय विभेदप्रतिको चेतना यस उपन्यासमा पाउन सकिन्छ ।

निहारिकाको यस उपन्यासमा विराट राज्यमा एक वर्ष गुप्तवासमा दासी बनेर बसेकी सौरन्ध्री अर्थात् द्रौपदीले दासी नारीमाथि विभेद गर्न नहुने तर्क प्रस्तुत गरेकी छन् । “के दासीको कुनै मानसम्मान र इज्जत हँदैन ? किन्तु... के दासी पनि नारी होइन ? गरिब, अबला सम्झी त्यो नारीमाथि अत्याचार गर्न सक्छ पुरूषले ? यो द्रौपदी अर्थात् सौरन्ध्रीको अपमान होइन, आम नारीजातिको अपमान हो” (पृ. ४५५) भन्ने द्रौपदीको कथनले सो कुराको पुष्टि गरेको छ । उनको यस कथनले दासीको इज्जत र मानसम्मान गरिनुपर्ने विचार प्रस्तुत गरेको छ । दासीलाई गरिब देखेर अनावश्यक आरोप लगाउने र यौनशोषणको सिकार बनाउने प्रवृत्तिको विरोध गरी दासीको अपमान भन्नु नारीजातिकै अपमान हो भन्ने विचार यस कथनमा प्रस्तुत भएको हुनाले जातीय तथा वर्गीय विभेदप्रतिको चेतना प्रबल बनेको छ ।

### *धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतना*

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा तत्कालीन समाजले सिर्जना गरेको परम्परागत मूल्य र मान्यताको विरोध तथा त्यसप्रतिको चेतना पाइन्छ । राजकुमारी कन्याहरूले स्वयंवर सभाबाट पतिचयन गर्न पाउने सामाजिक प्रचलनका विरूद्धमा राखिएको नियमप्रति असन्तुष्टि व्यक्त गर्दै द्रौपदीले राखेको विचार यसप्रकार रहेको छ :

> दर्शक स्वरूपमा रहेका जोसुकै पुरूषले पनि लक्ष्यभेदनमा सहभागी हुन सक्ने गरी नियम फराकिलो खुकुलो पारियो ।...म त्यस निर्णयप्रति पूर्ण सहमत हुन भने सकेकी थिइनँ । ...यस्तो अनुभूति हुँदै थियो, बजारमा बिकाउनको निम्ति राखिएको वस्तु बिक्री हुन नसकेपश्चात् मूल्य घटाएर बेचबिखन गर्न खोजिएको छ । (पृ. २७९)

द्रौपदीको यस कथनले स्वयंवर सभाको पहिलो दिनमा कसैले माछाको आँखामा लक्ष्यभेदन गर्न नसकेपछि नियम खुकुलो बनाएर नारीको मूल्य घटाएको विचार व्यक्त गरेको छ । यस कथनले नारीहरूलाई बेचबिखनका वस्तु ठानेर तुरून्तै नियम फेरबदल गर्न सक्ने प्रवृत्तिको विरोध गर्दै पतिको चयनमा नारीको स्वतन्त्र अधिकारको माग गरेको छ । यस्तै द्रौपदीले नारी र पुरूषबीच विभेदपूर्ण सामाजिक मूल्य तथा सांस्कृतिक परम्पराको विरोध गरेको देखिन्छ । “सय स्त्री राख्ने पुरूषमा कोही आश्चर्य ठान्दैन, परन्तु म पाँचकी पत्नी कतिको नजरमा आश्चर्य भएकी छु” (पृ. ३५०) भन्ने उनको कथनले सो कुराको पुष्टि गरेको छ । यसले पुरूषहरूले बहुविवाह गर्दा आँखा चिम्लेर समर्थन जनाउने समाजले बहुपतिवरण गर्दा आफूमाथि आश्चर्यभाव राखेको र विभिन्न प्रश्न उठाएको सन्दर्भलाई प्रस्तुत गरेको पाइन्छ । द्रौपदीले बारम्बार अनेक व्यक्तिहरूबाट पाँच पाण्डवकी एक्ली पत्नी, वेश्या आदि शब्दले घृणा गरेको सुन्नुपर्दा उनलाई पुरूषले अनेकौं श्रीमतीलाई घरमा ल्याएर राख्दा र भोग गर्दै छाड्दै हिँड्दा प्रश्न गर्न नसक्ने समाजको विरोध गरिएको हुनाले यस उपन्यासमा धार्मिक, सामाजिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतना अभिव्यक्त भएको छ ।

## निष्कर्ष

नीलम कार्की निहारिकाको चीरहरण उपन्यासमा सिमोन द बुभाले द सेकेन्ड सेक्स शीर्षकको पुस्तकमा उठाएका नारीअस्तित्व र विभेदप्रतिको चेतनाका स्वरहरू मुखरित हुन पुगेको छ । यसमा विशेष गरी नारीहरूलाई दोस्रो दर्जाका नागरिकका रूपमा हेरिन नहुने तथ्यलगायत नारीहरूको स्वतन्त्र अस्तित्व र पहिचान तथा वैयक्तिक अधिकारका लागि जागृत चेतनालाई प्रस्तुत गरिएको हुनाले नारीअस्तित्वप्रतिको चेतना प्रबल बनेको छ । यस्तै यसमा नारीहरूलाई शारीरिक रूपमा भिन्न भएकैले लैङ्गिक आधारमा विभेद गर्ने, दमन गर्ने, हेप्ने र कमजोर मानव ठानी विभिन्न किसिमका हेयपूर्ण उपमा दिने प्रवृत्तिको विरोध गरिएको छ । तसर्थ पितृसत्तात्मक समाजमा लिङ्गका आधारमा नारीको बौद्धिकता र क्षमतामाथि बन्देज तथा विभेद गरिने परिपाटीको समेत विरोध गरिएको हुनाले यस उपन्यासमा नारीविभेदप्रतिको चेतना सशक्त बनेको छ । यसरी नारीलाई धर्म र संस्कृतिले निर्माण गरेका विभिन्न कुरीतिको फन्दामा बेरिने प्रवृत्तिदेखि लिएर राजनीति, शक्तिसम्बन्ध तथा वैयक्तिक निर्णयमा समेत नारीको स्वतन्त्रताको पक्षमा आवाज उठाइएको प्रस्तुत उपन्यासमा नारीअस्तित्वप्रतिको चेतना तथा नारीविभेदप्रतिको विरोधको चेतना सशक्त रूपमा मुखरित भएको छ । महाभारतकालीन समयका पात्र तथा घटनालाई लिएर वर्तमान परिवेशका तादात्म्यमा पुनर्लेखन गरिएको प्रस्तुत उपन्यासमा अस्तित्ववादी नारीवादी प्रवृत्ति सशक्त बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची

एपिग्नान्सी, रिचार्ड (सन् १९९९). फेमिनिज्म. सम्पा. यु. के.: आइकन बुक्स लिमिटेड ।

गौतम, विक्रम (२०७८). चीरहरण: नारीउत्पीडनको महाभारती. खसखस डट कम. http://www.khasskhass.com. हेरेको मिति पौष ५ ।

टङ, रोसम्यारी (सन् १९८९). फेमिनिस्ट थट. वेस्ट भ्यु प्रेस : यु.एस.ए. ।

ढकाल, चन्द्रप्रसाद (२०७८). चीरहरण उपन्यासमा नारीवाद. नेपाल दृष्टि. https://nepaldristi.com. हेरेको मिति पौष ४ ।

निहारिका, नीलम कार्की (२०७२). चीरहरण. काठमाडौँ : साङ्ग्रिला बुक्स ।

बुभो, सिमोन द (१९४९). द सेकेन्ड सेक्स (महिला). अनु. रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।

भुषाल, ऋषिराम (२०७८). चीरहरणमा सिँगारिएको नीलमको प्रतिभा. अन्नपूर्ण. https://annapurnapost.com. प्रकाशित मिति २०७३ साउन १६. हेरेको मिति पौष ५ ।

लज, डेभिड (सन् १९८८). मोर्डन क्रिटिसिज्म एन्ड थेउरी. सम्पा. लन्डन : लङ्म्यान ।